**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ४ मिति : २०८०/०९/११

**भाग-२**

## चुमनुब्री गाउँपालिको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यबिधि २०८०

**चुमनुब्री गाउँपालिका**
**सिर्दिवास, गोरखा**
**गण्डकी प्रदेश**

# चुमनुब्री गाउँपालिको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यबिधि २०८०

चुमनुब्री गाउँपालिकाको अन्तर्गत विद्यालय तथा पालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता प्रभावकारी तथा व्यवस्थित रूपमा सञ्चालन गर्न, जिल्ला, प्रदेश एवं राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुन तथा प्रतियोगिता बजेट तथा कार्यक्रमको पारदर्शी, मितव्ययी, प्रभावकारी तथा नतिजामूखी तरिकाले कार्यान्वयन गर्न चुमनुब्री गाँउकार्यपालिकाले चुमनुब्री गाउँपालिको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन कार्यबिधि २०८० बनाई कार्यन्वयनमा ल्याएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम चुमनुब्री गाउँपालिको "राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन कार्यबिधि २०८०", रहनेछ।

ख. यो कार्यविधि चुमनुब्री गाउँपालिको कार्यपालिका बाट स्विकृत भएको मिति देखि लागु हुनेछ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "गाँउपालिका" भन्नाले चुमनुब्री गाउँपालिको कार्यालयलाई बुझिनेछ।

ख. "कार्यपालिका" भन्नाले चुमनुब्री गाउँपालिको कार्यपालिकालाई बुझिनेछ।

ग. "शिक्षा शाखा" भन्नाले चुमनुब्री गाउँपालिको शिक्षा शाखालाई बुझिनेछ।

घ. "समिति" भन्नाले चुमनुब्री गाउँ शिक्षा समितिलाई बुझिनेछ।

ङ. "आयोजक विद्यालय" भन्नाले राष्ट्रपति रनिङ शिल्ड सञ्चालन हुने स्थानको विद्यालयलाई बुझिनेछ।

च. "प्रतियोगिता" भन्नाले राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई बुझिनेछ।

**३. उद्देश्य**

क. विद्यालय तथा गाउँपालिका लाई खेलको माध्यमबाट चिनाउने।

ख. खेलकुदको माध्यमबाट चुमनुब्री गाउँपालिकाभित्रका विद्यार्थीलाई राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने सक्ने बनाउने।

ग. " स्वास्थका लागि खेलकुद राष्ट्रका लागि खेलकुद " भन्ने नारालाई सफल बनाउने।

घ. रनिङ शिल्ड सञ्चालन खर्चलाई नियमन तथा मितव्ययी बनाउने।

**४. कार्यसञ्चालन प्रक्रिया**

१. स्थानिय तह राष्ट्रपति रनिष्ट्र शिल्ड प्रतियोगितामा अन्तर्गत भलिबल, एथ्लेटिक्स र कबड्डी खेल संचालन गरिनेछ।

२. राष्ट्रपति रनिङसिल्ड प्रतियोगिताको एथ्लेटिक्स खेलमा प्रत्येक विद्यालयले रिले खेलको हकमा महिला तथा पुरुष रिलेको प्रत्यक इभेण्टमा २/२ समूह मात्र र अन्य प्रत्येक इभेण्टमा बढीमा ४ जना खेलाडीहरुलाई सहभागी गराउन सक्नेछ। प्रत्येक खेलाडीले बढीमा एक फिल्ड, दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउने छ। साथै आफुले खेल्न चाहेको ईभेण्ट खेलाडी फारममा उल्लेख गर्नु पर्ने छ अन्यथा प्रतियोगितामा सहभागी हुन पाउने छैन।

३. टिम गेम भन्नाले भलिबल, कबड्डी र रिले दौडलाई सम्झनु पर्ने छ।

४. प्रत्येक विद्यालयले टिम गेममा दुई वटा मात्र टिम सहभागी गराउन पाउने छ।

५. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको एथ्लेटिक्स, कबड्डी र भलिवल क्षेत्रमा प्रथम र द्वितिय हुने खेलाडी र टिमले मात्र जिल्ला प्रतियोगितामा सहभागि हुन पाउने छ।

६ प्रतियोगितामा खेलाडीले जुन ईभेण्टमा विजयी भएको हो सोहि ईभेण्टमा मात्र जिल्ला प्रतियोगितामा सहभागिताका लागी सिफारीस गरिने छ।

७. भलिबल र कबड्डी खेलमा विद्यालयको सहभागि हुने खेलाडीहरुको संख्या अतिरिक्त खेलाडी बढीमा १ जना हुनु पर्ने छ।

८. राष्ट्रपति रनिङ्ग शिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को परिच्छेद १ को दफा २ को (छ) बमोजिम शैक्षिक सत्रमा १८ बर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्यनरत विद्यार्थी सहभागि हुन पाउने छ।

९. प्रतियोगितामा सहभागी हुने विद्यार्थीहरुले अनिवार्य रुपमा खेलाडी फारम उमेर खुलेको कागजात र विद्यार्थी परिचय पत्र सहित तोकिएको मितिमा दर्ता भएको हुनु पर्नेछ।

१०. गैर विद्यार्थी तथा १८ बर्ष भन्दा बढी उमेर समुहका विद्यार्णले यो प्रतियोगितामा भाग लिन पाउने छैन यदि कसैले भाग लिई प्रतियोगितामा पदम प्राप्त गरेको खण्डमा सो पदक फिर्ता लिई र निकटतम प्रतिस्प्रधी लाई प्रदान गरिनेछ। मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालय, विद्यालयका प्रधानाध्यापकलाई आयोजक समितिले र निर्देशिका २०७० को परिच्छेद ७ को दफा १३ को ४ बमोजिम उचित देखेको अनुशासनसम्बन्धी कारबाही गर्न सक्नेछ।

११. प्रतियोगितामा सहभागी हुने विद्यार्थीहरुले अनिवार्य रुपमा खेलाडी फारम उमेर खुलेको कागजात र विद्यार्थी परिचय पत्र सहित तोकिएको मितिमा दर्ता भएको हुनु पर्ने छ। नागरिकता प्राप्त नगरेको विद्यार्थीको हकमा कक्षा ८ को जिल्ला स्तरिय परिक्षाको प्रमाण पत्रमा उन्लेखित जन्म मितिलाई आधार मानिने छ।

१२. प्रतियोगिता आयोजना व्यवस्थापन, नियमन तथा आयोजक विद्यालय तोक्ने लगायतका कार्यहरू गर्ने कार्यकारिणी अधिकार समितिलाई हुनेछ।

१३. आयोजक विद्यालयले खेल सञ्चालनको क्रममा चिया, खाजा, मञ्च व्यवस्थापन तथा अन्य कार्यहरूको व्यवस्था गर्नु पर्नेछ। गाउँपालिकाले खेल सञ्चालनको खर्च नियमानुसार आयोजक विद्यालयलाई भुक्तानी दिन सक्नेछ।

**५. कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि**

१.प्रतियोगिता मर्यादित तथा व्यवस्थित रूपमा सञ्चालन गर्न स्थानिय स्तरमा भएसम्म खेलकुद प्राविधिक(रेफ्री) को व्यवस्था गरिने छ र उपलब्ध नभएमा जिल्ला खेलकुद विकास समितिबाट खेलकुद प्राविधिकलाई खेल सञ्चालन गर्न लगाईने छ।

२. खेलकुद प्राविधिकलाई अधिकृतस्तर वा सो सरहको दैनिक भ्रमण भत्ता, यातायात खर्चको व्यवस्था गरिनेछ।

**६.कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड**

१. खेल प्रतियोगिता सञ्चालनका लागि विनियोजित वजेट खर्च गर्दा गाउँपालिकाले नेपाल सरकारको प्रचलित आर्थिक ऐन, नियमको परिधिभित्र रही खर्च गर्नु पर्नेछ। साथै, खेल प्रतियोगिता सञ्चालनको लागि विनियोजित बजेट अन्य प्रयोजनको लागि वा यो निर्देशिकामा भएको व्यवस्था वाहिर गएर खर्च गर्न पाइने छैन।

२. पालिका स्तरीय खेलकुदको लागि सहभागी खेलाडी तथा प्रतियोगिता व्यबस्थापनका लागि शिक्षक कर्मचारीहरुलाई गाउँपालिकाले निर्धारण गरेको वा प्रदेश कानुन बमोजिम को दर रेटमा कार्यक्रम सुरु हुने दिन भन्दा अघिल्लो दिन वेलुका देखि समापन हुने दिनको भोलिपल्ट विहान सम्म खाजा, खाना, दिउँसोको खाजा तथा साँझको खाना तथा वास बस्नको समेत व्यबस्था गरिनेछ।

३.पालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा आयोजक विद्यालय बाहेकको सहभागी विद्यालयका खेलाडी लाई आउन जानको लागि यातायातको व्यबस्था गरिने छ।

४.पालिका स्तरिय खेलकुद कार्यक्रममा आयोजक विद्यायको सहभागि खेलाडी विद्यार्थीहरुलाई विहान तथा दिउँसो गरी २ पटक खाजाको व्यवस्था गरिने छ।

५. प्रतियोगिताको लागि विनियोजित वजेट कार्यक्रम बाट बैठक खाजा, प्रचार प्रसार खेल सामग्री, खेलमैदान मर्मत/निर्माण, प्रमाणपत्र, नगद पुरस्कार तथा पदक, प्रतियोगिता उद्घघाटन, सञ्चालन, समापन र प्रदेश/केन्द्र स्तरीय प्रतियोगितामा सहभागी हुन जाँदा उपयोग गर्न सकिनेछ। प्रतियोगिताको उद्घघाटन, समापन जस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता अपनाउनु पर्नेछ।

६. राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता कार्यक्रममा खटिएका शिक्षक / कर्मचारीहरु लाई दैनिक भत्ताको व्यबस्था गरिने छ।

७. प्रतियोगिताका क्रममा खेलाडी तथा प्रशिक्षक घाइते भएमा उपचारको व्यवस्था गरिने छ।

८. प्रतियोगितामा सहभागी खेलाडी , प्रशिक्षक तथा खेल प्रतिनिधी शिक्षक,कर्मचारीहरुका लागी जर्सीको व्यवस्था गरिने छ।

९. जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरको प्रतियोगतामा सहभागी हुनका सहभागी विद्यार्थी, कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मी लगायतको समुह गाउँपालिकादेखि सम्बन्धित प्रतियोगिता सञ्चालन हुने स्थानमा सम्मको आवातजावत यातायात खर्च, प्रतियोगिता सञ्चालन अवधिभरको खाना, खाजा, होटलवास खर्च, उपचारखर्च, जर्सी झण्डा लगायतका अन्य सामाग्रीको व्यवस्था गाउँपालिकाले गर्नेछ।

## **७.खारेजि, बचाउ तथा संशोधन**

१. यस अघि भएका राष्ट्रपति रनिङसिल्ड सम्बन्धी कार्यहरु यसै कार्यविधि वमोजिम संचालन भएको मानिने छ।

२.यस कार्यविधिमा बाझिएका विषय संघिय तथा प्रदेश कानुन बमोजिम हुनेछन्।

३. चुमनुब्री गाउकार्यपालिकाले आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्नसक्ने छ।

आज्ञाले

मनोज लामिछाने

प्रमुख प्रशासकीय अधिकृत